२८३

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४२६/२०७१/०७२

बारा जिल्ला, कलैया नगरपालिका वार्ड नं.७ बस्ने संध्या कुमारी यादव समेत....................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, बारा ...................................... .......१ विपक्षी
सूचना अधिकारी, जिल्ला जनस्वास्थ्य कार्यालय, बारा .................................. .........१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बारा जिल्ला, कलैया नगरपालिका वार्ड नं.७ बस्ने संध्या कुमारी यादव समेतले जिल्ला जनस्वास्थ्य कार्यालय, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला जनस्वास्थ्य कार्यालय, बारा कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. जिल्ला जनस्वास्थ्य कार्यालयबाट आ.व. २०७०।०७१ मा कूल के कति रकम छुट्याईएको थियो ? सो रकमबाट कुन कुन काम भयो ? को मार्फत् सो काम सम्पन्न गराईयो ? सो रकमको वास्तविक खर्च विवरणको प्रमाणित प्रतिलिपि ।
२. जिल्ला जनस्वास्थ्य कार्यालयको सूचना अधिकारीको नाम, पद, फाँट र सम्पर्क नम्बरको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ४ गते रोज ६ शुभम् ।